**जिल्ला विकास समितिका अध्यक्ष तथा स्थानीय विकास अधिकारी श्री शिवप्रसाद हुमेगाईज्यूबाट आगामी आ.व.०७३।०७४ का लागि जिल्ला परिषद् २०७२ बाट पारित बजेट, नीति तथा कार्यक्रमको सार्वजनिकीकरण :**

लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारीपश्चात् पहिलो जिल्ला परिषदको सार्वजनिकीकरण समारोहमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि माननीय उपप्रधान तथा रक्षामन्त्री भीमबहादुर रावलज्यू, विशिष्ट अतिथि माननीय संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री कुन्ती शाहीज्यू, रुपान्तरित व्यवस्थापिका संसद सदस्य माननीयद्वय भरत साउँदज्यू, जानकी साउँदज्यू, पूर्वराज्यमन्त्री गोविन्दबहादुर शाहज्यू, अतिथि पूर्वसभासद्ज्यूहरु, पूर्वसांसदज्यूहरु, माननीय जिल्ला न्यायधीशज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, राजनीतिक दलका प्रमुखज्यूहरु, पूर्वजिविस सभापतिज्यूहरु, दुर्गाबक्स गणका गणपतिज्यू, प्रहरी नायव उपरीक्षकज्य, सरकारी कार्यालय प्रमुखज्यूहरु, नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्षज्यूलगायत जिल्लास्थित सम्पूर्ण सञ्चारकर्मी मित्रहरु, उद्योग वाणिज्य संघ जिल्ला अध्यक्षज्यू, गैर सरकारी संस्था महासंघ जिल्ला अध्यक्षज्यू, यु.एन.एजेन्सीका जिल्ला प्रमुखज्यूहरु, दातृनिकायका प्रमुखज्यूहरु, गाविस अध्यक्ष तथा सचिवज्यूहरु, विभिन्न गैरसरकारी संघ/संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, नागरिक समाज, महिला, दलित, जनजाति अपाङ्गता तथा बालबालिका वर्गको प्रतिनिधित्व गर्नुहुने प्रतिनिधिज्यूलगायत उपस्थित सम्पूर्ण महानुभावज्यूहरुमा जिल्ला विकास समिति अछाम तथा स्वयं मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन टक्रयाउन चाहन्छु ।

सर्वप्रथम राष्ट्र निर्माणमा समर्पित महान् शहीदहरुको उच्च योगदानलाई हृदयदेखि नै सम्मान गर्दै निजी र पारिवारिक स्वार्थभन्दा माथि रहेर देश र जनताका लागि इतिहासको विभिन्न कालकाण्डमा भएका नेपाली कालखण्डका जनक्रान्तिहरुमा आफ्नो प्राण आहुती दिने वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**उपस्थित महानुभावहरु,**

आ.व.०७३/०७४ को वजेट नीति तथा कार्यक्रम प्रस्तुतीको क्षणमा नेपालमा गणतन्त्र स्थापनार्थ एवं जनातको वृहत्तर विकासको चाहना, समावेंशी लोकतन्त्र लगायतका पद्धति विकासका लागि इतिहास देखि हालसम्म बलिदानी दिनुहुने सबै ज्ञातअज्ञात सहिदहरुप्रति सम्मानका साथ भावपूर्ण सद्धासुमन अर्पण गर्दछु । उहाँहरुको वलिदान एवं योगदानहरु प्रति हामी सदैव जिम्मेवार र जहाफदेही हुने एव. जनताका विकासका मागहरु एवं लोकतन्त्रका लाभहरु जनतासम्म प्रभावकारी ढङ्गबाट पुऱ्याउने मार्गदर्शनकारुपमा सदैब आत्मसाथ गर्नेछौ भन्ने प्रतिबद्धता समेत ब्यक्त गर्दछु । साथै विभिन्न चरणका जनआन्दोलहरुमा घाइते भई उपचाररतहरुको स्वास्थ्य लाभ र बेपत्ता भएका परिवारजनहरुप्रति हार्दिक सहानुभुति प्रकट गर्दछु । अछाम जिल्लाको विकासको प्रयासलाई योजनाबद्धरुपमा ब्यबस्थित र प्रभावकारी बनाउन स्थानीय स्वायत्तशासन ऐन २०५५, नियमावली २०५६ र स्थानीय निकाय स्रोत व्यबस्थापन तथा परिचालन कार्यविधि २०६९ वमोजिम आगामी आर्थिक वर्ष ०७३/०७४ का लागि नीति, योजना, कार्यक्रम र बजेट यस गरीमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । जिल्लाको योजना तर्जुमा प्रक्रियालाई अर्थपूर्ण सहभागिताको माध्यमबाट बस्ती, गाउँ, ईलाका, विषयगत समिति र एकीकृत योजना तर्जुमा समितिको बैठकहरुमार्फत प्रस्ताव गरिएका नीति, योजना, कार्यक्रम र बजेट पेश गरिएको छ ।

गरिवी, बेरोजगारी, अशिक्षा, सामाजिक, आर्थिक विभेदबाट पछाडि पारिएका जनाताका आवश्यकता र मागलाई सम्बोधन गर्न समावेशीताको अवधारणा सहित सरकारी कार्यालय, सहकारी, गैरसरकारी संस्था,उपभोक्ता समिति, नागरिक समाज र निजीक्षेत्रसंग साझेदारी गरी जिल्लाको समग्र विकासलाई अगाडि बढाउने प्रयास गरिएको छ । नेपालको संविधान २०७२, स्थानीय स्वायत्त शासन ऐन नियमावली, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्गदर्शन दीगो विकास लक्ष्य सार्क विकास लक्ष्य जिल्लाको रणनीतिलाई समेत ध्यानमा राखी हामीले बजेट तथा कार्यक्रम बनाउने प्रयास गरेका छौ । दलित, आदिबासी, जनजाति, वालवालिका, महिला, एकलमहिला, फरक क्षमता भएका वर्गहरुलाई विशेष प्राथमिकता दिएका छौ ।

सुदूर पश्चिमाञ्चलको विकट पहाडी अछाम जिल्ला प्राकृतिक सम्पदामा धनी छ । नदी किनार समतल भूभागदेखि पहाडी र उच्चपहाडी भूभाग समेटिएको अछाम सानो भूगोलका बावजुद जलवायु विविधता भएको जिल्लामा पर्दछ । जलवायु विविधतायुक्त भूमि विकासका सम्पूर्ण पक्षको सम्भावनायुक्त उर्वर भूमि हो भन्ने कुरा विश्वव्यापी प्रमाणित सत्य हुँदाहुँदै पनि यही जलवायु विविधता हाम्रा लागि अभिसापसिद्ध हुनु विडम्बना मान्नुपर्छ । समतल फाँटलाई बरदान ठानी धानखेतीमा मात्र जीवन देख्ने न्यून चेतनास्तर यही धर्तीमा विकासको फुलवारी फुलाउने स्तरसम्म जबसम्म उकास्न सकिदैन तबसम्म हामीलाई पछ्यौटेपनले गाँजीरहनेछ । रुढीवादी, अन्धविश्वास गरीबी र अशिक्षा हाम्रा प्रमुख चुनौती हुन् र यिनै चुनौतीहरुलाई परास्त गर्नुको साटो दिनानुदिन बाह्य पलायन हुँदै गइरहेको हाम्रो मानवपूँजीलाई जिल्लाको बृहत्तर हितमा उपयोग गर्न नसक्नु प्रमुख समस्या हो । हामीसँग के छैन ? तराईमा जस्तै धान र गहुँका बाला झुल्ने फाँटहरु छन् । हिमालमा जस्तै जडिबुटी, फापर, कोदो आलु फल्ने र फुल्ने उच्च पहाडी भीरपाखाहरु छन्, पर्यटक लोभ्याउने रामारोशन, खप्तडजस्ता मनमोहक तालहरु छन्, बैजनाथ, बान्नीगढी, वरदादेवी, तितौडा, जिमराढी, विनायक पञ्चदेवल, भ्वानथान जस्ता प्रसस्त शक्तिपीठ तथा धार्मिकस्थलहरु छन्, कर्णाली, बुढीगंगा, सेतीलगायत कैलास, प्रभालीगाड, इक्डीगाड, तालागाड, बेलखेत खोलाजस्ता हजारौ मेघावाट विजुली उत्पादन गर्नसक्ने अपार

जलस्रोतको भण्डार छ । केवल खाँचो छ त दृढ इच्छाशक्तिसहित मानवपूँजीको । यो यथार्थताले हामीकहाँ चुनौती र समस्याहरुभन्दा अवसर र सम्भावना प्रवल छन् भन्ने जिल्लाको तस्वीर झल्किन्छ । अतः अब हामी जिल्लाको तस्वीर अगाडि हाइँ काढेर निदाउने हैन, जिल्लाको समग्र विकासका लागि जागरुक भई अवसर र सम्भावना उपभोग गर्न एकताबद्ध हुन जरुरी छ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

यातायात विकासको पूर्वधार हो । विगत केही वर्ष पहिले विकासका लागि यहाँको भूगोल निकै विषम र जटिल मानिन्थ्यो तर हाल केही गाविसहरू छोडेर अधिकांश गाविसहरू सडक यातायातको सञ्जालले जोडिसकिएको अवस्था छ र अबको हाम्रो प्रयास सडकको स्तरोन्नतितर्फ केन्द्रीत हुन आवश्यक छ । जिल्लाको मध्येभाग रेखाङ्कन गरेर गएको मध्यपहाडी लोकमार्गको धमाधम स्तरोन्नति कार्य भइहेकोले निकट भविष्यमा यो जिल्ला निकै सुगम बन्दैछ । प्रस्तावित सेती लोकमार्ग जिल्लालाई तराई जोड्ने छोटो मार्गको रुपमा उदाउँदै छ । राष्ट्रिय चर्चामा रहेका अपर कर्णाली, बुढीगंगा जस्ता ठूला जलविधुत आयोजना यही भूमिका सम्पदा हुन् भने पश्चिम सेतीको प्रभावित जिल्लाहरूमध्ये अछाम प्रमुख हो । साथै लघुजलविधुतयुक्त नदी तथा खोलाहरू यहाँ प्रशस्त छन् र तिनबाट विधुत उत्पादन गर्ने कार्यमा हामी लागिपरेका छौं । प्राकृतिक सम्पदाको आँचलभित्र विकासका प्रशस्त सम्भावना लुकाएर बसेको अछाम जिल्ला लामो समयदेखि स्रोत साधन र मानवपूँजीको पर्खाइमा छ । अतः अब विलम्ब नगरेर हाम्रो सुन्दर र उज्ज्वल भविष्य बनाउन हामी सबै एकताबद्ध भएर जुट्न आवश्यक छ । विकास र सम्पन्नताको पर्याय एक्काइसौं शताब्दीमा समेत हाम्रा दाजुभाइ दिदीबहिनीहरु आधारभूत आवश्यकताकै जोहोमा दिनरात पसिना बगाइरहेका छन् । स्थानीय स्वायत्त शासनको अवधारणाअनुरुप जिल्लाको विकास निर्माणका लागि जिल्ला विकास समिति नेतृत्वदायी संस्था हो । त्यसैले समुदायस्तरदेखि केन्द्रीय निकायसम्म समन्वय गरी चौतर्फी विकासका आयामहरुमा इटा थप्दै अगाडि बढ्नु प्रमुख भूमिकाप्रति हामी सजक छौं । र, यही सन्दर्भमा प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यू, माननीय व्यवस्थापिका सदस्यज्यूहरु, जिल्लाका राजनैतिक पार्टी र नेताहरुज्यूहरुलाई हामीले जिल्ला र केन्द्रको सेतुका रुपमा हेरेका छौं । उहाँहरुको दूरदृष्टि, विवेक र सहमतीय संस्कारले जिल्लाको विकासको गति निर्धारण गर्न सक्छ भन्ने हाम्रो दृढ विश्वास छ ।

सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा आधिकाधिक मात्रामा सम्मिलित गराई लोकतन्त्रका लाभहरु अधिकतम उपयोग गर्नु र लोकतन्त्रको मर्म हो र यही मर्मलाई जीवन्त राख्न स्थानीय निकायहरुमार्फत सहभागितामूलक विधिबाट योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि आवश्यक जिम्मेवारी र अधिकार स्थानीय तहलाई प्रदान गरिएको कानुनी प्रावधानानुसार अछाम जिल्लाको वार्षिक जिल्ला विकास योजनालाई बढिभन्दाबढी सहभागीमूलक बनाउन गाउँ परिषद्, इलाका गोष्ठी, विषयगत गोष्ठी र एकीकृत योजना तर्जुमा बैठक हुँदै सर्वदलीय बैठकबाट वार्षिक जिल्ला विकास योजनालाई अन्तिम रुप दिई आजको यो समारोहबाट सार्वजनिकीकरण गरिन लागिएको कुरा जानकारी गराउन चाहन्छु । साथै सधैंझैं यस वर्षपनि राष्ट्रिय योजना आयोग, मन्त्रालय र विभागबाट प्राप्त बजेट सिलिंग, नीति र निर्देशनको परिधिभित्र रही जिल्लास्थित राजनीतिक दल, विषयगत कार्यालय, गैरसरकारी निकायको परामर्श र सहयोगमा आवश्यकतामा आधारित भई प्राथमिकीकरण गरी एकीकृत जिल्ला विकास योजना तर्जुमा गरिएको कुरा म यस समारोहमा राख्न चाहन्छु। अन्तर्राष्ट्रिय मञ्चबाट अनुमोदित अभिसन्धिहरुप्रति राष्ट्रले गरेका प्रतिबद्धताहरु कार्यान्वयनार्थ तय गरिएका राष्ट्रिय लक्ष्य र उद्देश्यहरुलाई स्थानीयकरण गर्न जिल्लाको नीति निर्देशित हुनु पर्दछ भन्ने कुरामा हामी स्पष्ट हुनै पर्दछ । त्यसैले वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्दा हामीले सहस्राब्दी विकास लक्ष्य, सार्क विकास लक्ष्यलगायतका अन्य अन्तर्राष्ट्रिय प्रावधानहरु, राष्ट्रिय नीति र निर्देशनलाई स्थानीयकरण गर्नसमेत भरमग्दूर प्रयास गरेका छौं । देश नवनिर्माणको ऐतिहासिक दिशातर्फ उन्मूख भइरहेको आजको सन्दर्भमा विगतमा भएका राम्रा अभ्यासहरूलाई निरन्तरता दिदै र कमीकमजोरी सुधार गर्दै सुशासन र दिगो विकास कायम गर्नतर्फ हाम्रो पर्यास जारी रहनु पर्दछ । जनताको भावना र मर्म अनुकूल विकास योजना तर्जुमा प्रक्रिया र त्यसको स्वरूपमा परिमाणात्मक र गुणात्मक सुधार ल्याउनु आजको आवश्यकता हो । पहुँच कम भएका जनता र क्षेत्रलाई प्राथमिकता दिदै सवलीकरण गर्ने, जनकेन्द्रीत र परिणामूखी योजना तथा कार्यक्रमहरुलाई उच्च महत्व दिई स्थानीय विकासमा सबै जाति, वर्ग र सामाजिक समावेशीकरण गराउँदै लैजानु पर्दछ । ससाना विकासका कार्यहरूमा पनि स्थानीय निकायमा भर पर्ने प्रवृत्ती बढ्दो छ । स्थानीयस्तरमा उपलब्ध साधनस्रोतको परिचानलमा ध्यान पुर्याउन नसक्दा परनिर्भरताको दर उच्च रहेको छ । सिमित स्रोत साधनकै कारण हामीले जनताका आवश्यकतालाई पूर्णतया सम्बोधन गर्न सकिहेका छैनौं । अतः अबको हाम्रो प्रयास परनिर्भरता र गरीबी घटाउने, स्थानीय स्रोतसाधन उच्चतम प्रयोग गर्ने, मानवपूँजीको समुचित व्यवस्थापन र परचालन गर्ने तर्फ केन्द्रित हुनपर्दछ ।

**आदरणीय महानुभावहरु,**

अब म चालु आर्थिक वर्षमा सञ्चालन भएका मुख्य मुख्य योजना तथा उपलब्धिहरु छोटकरीमा यो सम्मानित समारोहमा राख्न चाहन्छु ।

चालु आर्थिक वर्षका लागि गत जिल्ला परिषद्बाट पारित भएका योजनाहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रुपमा अगाडि बढिरहेको छ । विगत देखि क्रमागतरुपमा सञ्चालन भई चालु आ.व.मा. तोलीसेरा झो.पु.,(विनायक, तोली) समैजीरवा झो.पु. ( सेरा) नवसेरा झो.पु, (कुइका) दोगाडे झो.पु,(लयाँटी) लोडेघाट झो.पु.(रानीवन,भैरबस्थान) खैरना भेल्तडी झो.पु.(बारला) र स्याउले

झो.पु.(बलाता) गरी ७ वटा झो.पु.हरु हालसमम सम्पन्न भएका छन् । पर्यटन विकास क्षेत्र १५ वटा मठमन्दिरहरु मध्ये ४ वटा सम्पन्न भएका छन् भने ११ वटा मठमन्दिरहरुको सम्झौता भई निर्माणकार्य अगाडि बढिरहेको छ । त्यस्तै ग्रामिण पहुँच कार्यक्रम अन्तर्गत प्रस्तावित ४ वटा सडकहरुको सम्झौता भई निर्माण कार्य द्रुत गतिले अगाडि बढिरहेको छ । साना सिंचाई नदि नियन्त्रण तथा तटबन्धन तर्फ ७ वटा योजनाहरुमा एउटा योजना सम्पन्न भई ४ वटा योजना निर्माणका लागि सम्झौता भईसकेको छ । खानेपानी तर्फ क्रमागत योजनासहित चालु आ.व.मा १४ वटा योजना मध्ये ४ वटा योजनाहरुको सम्झौता भई निर्माणकार्य अगाडि बढिरहेको छ । निर्वाचन क्षेत्र विकास तथा विशेष कार्यक्रम अन्तर्गत खानेपानी, तटबन्धन, सडक, विद्यालय भवन निर्माण, सिंचाई पोखरी आदि गरी जम्मा ६८ योजनाहरु मध्ये ३ वटा योजनाहरु सम्पन्न भएका छन् र २६ वटा योजनाहरुको सम्झौता भई निर्माणकार्य भई रहेको छ । स्थानीय यातायात सडक तर्फ चालु वर्षमा प्रस्तावित १५ वटा सडकहरु मा ९ वटा सडकको सम्झौता भई निर्माण कार्य अगाडि बढिरहेको छ भने बाँकी ६ वटा योजनाहरु सम्झौता हुने क्रममा छन् । त्यसैगरी मङ्गलसेन चित्रे पायल सडक, बासखेत भटाकाटिया सडक, तिमिल्सैन रामारोशन सडक, चौखुट्टे-दुनी पातलकोट सडक, गैरीलेंक-सोकट तिमलाडी अमट्टेगडा सडक, पुनेपाटा गल्वाल ढकारी बेनीघाट सडक, रिठाबजार ठाँटी ऋषिदह सडक गरी ७ वटा सडकहरुको निर्माण कार्य क्रमागतरुपमा अघि बढिरहेको अबस्था छ ।

सामाजिक क्षेत्रको विकास तर्फ पनी हामीले महत्वपूर्ण उपलब्धि हाँसिल गरेका छौं ।

साथै चौखुट्टे-चौरपाटी सडक, नन्देगडा-मेल्लेख सडक, मङ्गलसेन-वलिगाउँ सडकहरुको मर्मत तथा सुधार कार्य भइरहेको छ । नदी नियन्त्रणतर्फ सेरेखोला तटबन्धन मुली, मुजाबगर तटबन्धन, आमखेत झो.पु.तटबन्धन बुढाकोट आदिको निर्माण कार्य क्रमागरुपमा बढिरहेको छ । उर्जातर्फ खप्तड लघुजलविद्युत आयोजना, रानीडम्म लघुजलविद्युत आयोजना नाडाको निर्माण कार्य तिब्र गतिमा अगाडि बढिरहेको छ ।

विगत केही वर्षहरुमा भौतिक पूर्वाधारका गतिविधिहरुलाई मात्र विकास ठान्ने प्रवृत्तिमा उल्लेख्य परिवर्तन आएको छ । २०७० साल वैशाख २५ गते जिल्लालाई हामीले सुदुर पश्चिमकै पहिलो र नेपालको मानचित्रमा सातौं जिल्लाको रुपमा खुला दिशामुक्त घोषणा गर्‍यौं । खुला दिसामुक्त जिल्ला घोषणा गर्नु आफैमा एउटा महत्वपूर्ण कार्य थियो । तत्पश्चात झाडापखला, हैजालगायत संक्रमणको कारणले लाग्ने रोगहरुका कारण देखिने गरेका महामारीका दृष्टान्तहरु इतिहासको गर्भमा बिलाएका छन् । तर अझै हामीले हात बाँधेर बस्ने अबस्था छैन । खुला दिसामुक्त पश्चात पूर्ण सरसफाइ युक्त जिल्ला बनाउनका लागि गतिविधिहरु सञ्चालन गरिरहेका छौ । हामीले ५ वर्षे सरसफाई रणनैतिक योजना निर्माण गरी २०७५।७६ सम्म जिल्लालाई पूर्ण सरसफाईयुक्त घोषणा गर्न अग्रसरता लिएका छौं । तदनुरुप जिल्लालाई प्लाष्टिकरहित बनाउने, काँचजन्य पदार्थहरुको उचित व्यवस्थापन गर्ने, सबैलाई शौचालय प्रयोगको उचित ब्यवस्थापन गर्ने, बजार तथा घरायसी सरसफाईमा उचित व्यवस्थापन गर्ने आदि सरसफाईका क्षेत्रमा थुप्रै गतिविधिहरु समेटेर एक वर्षे कार्ययोजना तयार भइसकेको छ । साँफेबगर नगरपालिकाका २ वटा वडा लगायत चाल्सा र मार्कु गाविस धुँवारहित घोषणा भइसकेका छन्, जसले अछामका सम्पूर्ण गाविस र नगर वडाहरुलाई सरसफाई अभियानको महत्वपूर्ण कार्यको रुपमा धुँवारहित चुलो निर्माणका लागि उर्जा थपेको छ ।  जिल्लाको समग्र विकासलाई निर्देशित गर्न ५ वर्षे आवधिक जिल्ला विकास योजना तर्जुमा गरिएको छ भने सूचनामा अधारित योजना तर्जुमाका लागि आधारस्तम्भको रुपमा जिल्ला पार्श्वचित्र पनि तयार गरिएको अवस्था छ ।

**आदरणीय महानुभावहरु,**

अछाम सामाजिक आन्दोलन सहित सचेतीकरणको अभियानमा जुर्मराइसकेको  छ । खुला दिसामुक्त घोषणसँगै एक पछि अर्को अभियानमा जुटेर अछामी जनताहरुले सामाजिक अन्धविश्वास, रुढिवादी र कुरिती विरुद्ध एक पछि अर्को सामाजिक सचेतीकरणका अभियानहरु सञ्चालन गरिरहेका छन् । परिणामस्वरुप १७ वटा गाविसहरु र साँफेबगर र मंगलसेन नगरपालिकाका ८ वटा वडाहरु छाउपडी गोठमुक्त घोषणा भएर सिंगो जिल्ला नै सो कूप्रथाबाट मुक्त हुने अभियानमा छ । त्यस्तै जातीय छुवाछुतमुक्त अभियान समेत अगाडि बढेको अवस्था छ । अछाम जिल्लालाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको छ । जसलाई अछामी जनताले स्वास्थ्य क्षेत्रमा नयाँ फड्को र आयामका रुपमा आत्मसात गरेका छन् । साक्षरता अभियानलाई थप प्रभावकारी बनाउदै जिल्लालाई पुर्ण साक्षरता तर्फ उन्मुख गराइनेछ । बहुक्षेत्रीय पोषण योजना जिल्लाका विकट गाविसहरु बारला, कालेकाँडा, सिउडी र सोकट गाविसमा लागु गरिएको छ । जिल्ला विपद् न्यूनीकरण योजना तय भई हाम्रा विकास निर्माणमा गतिविधिहरु पर्यावरण अनुकूल हुनुपर्छ भन्ने मान्यताअनुरुप प्रत्येक गाउँ विकास योजना विपद आँखीझ्यालबाट तर्जुमा गर्ने परिपाटीको सुरुवात भएको छ । हामीले थालेका सामाजिक सचेतीकरणको माथि उल्लिखित अभियानहरुले निकट भविष्य भित्रै नेपालको मानचित्रमा अछाम पूर्ण सरसफाईयुक्त, जातीय छुवाछुतमुक्त, छाउपडीप्रथामुक्त र पूर्ण साक्षरयुक्त सुन्दर जिल्लाको रुपमा आफ्नो अनुहार देखाउन सफल हुनेछ ।

नेपाल सरकार र विश्व खाद्य कार्यक्रम अन्तर्गत सञ्चालित ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम तोलि, पुल्लेतोला, वारला र कालेकाडा गरी ४ ओटा गाविसमा निरन्तर सञ्चालनमा छ । यस कार्यक्रमबाट जिल्लाका दूर्गम गाविसका जनतालाई दीर्घकालीन रुपमा आयआर्जनमा सहयोग पुग्ने गरी विभिन्न योजनाहरु निर्माण भइरहेका छन् ।

उपस्थित महानुभावहरु,

अब,म जिल्ला विकासको लागि हामीले अख्तियार गरेका नीतिहरु यस गरीमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. **सेवा प्रवाहतर्फ**

१. स्थानीय निकायहरु, विषयगत कार्यालयहरु र गैससबाट प्रवाह हुने सेवाहरुलाई नतिजामुखी र गुणस्तरीय बनाउनका लागि जिल्ला विकास समितिको समन्वयमा चौमासिक बैठकलाई निरन्तरता दिइनेछ ।

२. स्थानीय निकायहरुबाट नागरिकसम्म पुऱ्याइने सेवा र सुविधाहरुलाई छिटो छरितो, पारदर्शी र गुणस्तरीय बनाउन एवं स्थानीय निकायको संस्थागत क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने प्रबन्ध मिलाइनेछ ।

३. उपभोक्ता समितिमार्फत संचालन भएका योजना/ कार्यक्रमहरुको गुणस्तर सुनिश्चित गर्न र दिगोपना प्राप्त गर्न उपभोक्ता समितिलाई जिम्मेवार बनाउने नीति लिइने छ ।

४. उपभोक्ता समितिको काम कारवाहीलाई पारदर्शी र प्रभावकारी बनाउन सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणको व्यवस्थालाई निरन्तरता दिइने छ ।

५. अछाम जिल्लाका सबै गा.वि.स.हरुले बालमैत्री स्थानीय शासन प्रक्रिया अवलम्बन गरिसकेको हुँदा यसलाई प्रभावकारी ढंगबाट अगाडि बढाउदै आगामी आर्थिक बर्ष भित्र दुई गाविसलाई बाल मैत्री स्थानीय शासन पद्धति अवलम्बन गरिएको घोषणा गरिनेछ ।

६. गा.वि.स. तथा जिल्लातहमा निर्माण गरिने सम्पूर्ण भौतिक पूर्वाधारहरु अपांग तथा बालमैत्री अनुरुप बनाइनेछ ।

७. बाधा अवरोध पहिचानबाट आएका सवालहरुलाई विषयगत कार्यालयहरुको योजनामा राख्ने व्यवस्था गरिने छ ।

८. स्थानीय निकाय, विषयगत कार्यालयहरु, अन्य विकास साझेदारहरुबाट संचालित कार्यक्रमहरुको संयुक्त अनुगमन गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ ।

९. जलबायू परिवर्तनसंग सम्बन्धित क्रियाकलापहरु विपद्को उच्चजोखिममा रहेका गाविसहरुमा प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

१०. शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाई, स्वास्थ्य तथा पोषण, भौतिक पूर्वाधार, वन र महिला तथा बालबालिका लगायत सबैसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा विपद् न्यूनीकरण र व्यवस्थापनका पक्षलाई हरेक योजनाहरुमा समावेश गरी सो अनुसार कार्यान्यिवन गरिने छ ।

**ख. शिक्षातर्फ**

१. अछाम जिल्लाबाटै निरक्षरता उन्मूलन गर्न तथा विद्यालयको भौतिक सुधार एवं गुणस्तरीय शिक्षा प्रदानको लागि शिक्षा कार्यालयको नेतृत्वमा गैरसरकारी संस्थाहरुसमेतको संलग्नतामा कार्यकमहरु सञ्चालनमा निरन्तरता दिइनेछ ।

२. बालमैत्री शिक्षण सिकाई अन्तर्गतका कार्यक्रमहरु प्रमुखताका साथ अगाडि बढाउन जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रमा कामगर्ने विकास साझेदारहरुको समन्वयमा शिक्षाको एकीकृत योजना, एकीकृत समीक्षा र एकीकृत प्रतिवेदन बनाउन जोड दिइने छ ।

३. सबै विद्यालयहरुमा चर्पी निर्माण, प्रयोग र सरसफाई गर्ने कार्यलाई प्राथमिकता दिई खानेपानी तथा सरसफाईका क्रियाकलाप र जिल्ला शिक्षाका क्रियाकलापहरुमा सामन्जस्यता ल्याउनका लागि जिल्ला खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिलाई थप क्रियाशील बनाइनेछ ।

४. बहुक्षेत्र पोषण कार्यक्रमलाई शिक्षाको निरन्तर कार्यक्रममा मुलप्रवाहीकरण गरिने छ ।

**ग.स्वास्थ्यतर्फ**

१. जिल्लामा संचालित स्वास्थ्य केन्द्रहरु, बर्थिगं सेन्टरको स्तर बृद्धि, दक्ष जनशक्तिको आपूर्ति, भौतिक पूर्वाधार सुधारसहित सेवामा गुणस्तरीयता र सहज पहुँच कायम गर्नको लागि सम्बन्धित कार्यालय एवं संघसंस्थाहरुबाट कार्यक्रम बनाई समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२. बहुक्षेत्र पोषण कार्यक्रमलाई स्वास्थ्यको निरन्तर कार्यक्रममा मुलप्रवाहीकरण गरिने र प्राविधिक सहयोग लिइने छ ।

**घ.खानेपानी तथा सरसफाईतर्फ**

१. खानेपानीको समस्या भेलिरहेका गा.वि.स.हरुमा स्वच्छ खानेपानी वितरणको दिगो व्यवस्थापनका लागि सम्बन्धित कार्यालय एवं विकास साझेदारहरु मार्फत विभिन्न योजना कार्यक्रमहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

२. महत्वपूर्ण सार्वजनिक स्थल, स्वास्थ्य चौकी, विद्यालयहरु, बालविकास केन्द्रहरु मन्दिर/देवस्थलहरुमा शौचालय निर्माण तथा मर्मत गरिने छ ।

३. बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि छनौट भएका गाविसहरुमा गुणस्तरीय खानेपानी सेवाको पहुँचका लागि सकरात्मक विभेदकारी नीति अपनाइने छ ।

४. खानेपानी तथा सरसफाई सम्बन्धी कामगर्ने संघसंस्थाहरुले कुनै पनि गाविसमा दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्न जिविससंग समन्वय गरी गाविस छनौट गरिने छ । साथै खानेपानी सम्बन्धि योजना सञ्चालन गर्न छनौट भएका गाविसका सबै वार्ड तथा वस्तीहरुमा पूर्णरुपमा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सोही संस्थालाई जिम्मेवारी दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

५. विभिन्न सरोकारवाला निकायहरुबाट विद्यालयहरुमा निर्माण गरिने धारा र शौचालयहरु बालमैत्री, अपांगमैत्री र लैंगिकमैत्री बनाउनुपर्ने निरन्तरता दिइनेछ ।

६. विभिन्न सरोकारवालाहरुबाट जिल्लामा निर्माण भएका खानेपानी योजनाहरुको विवरण अद्याबधिक गरि जिल्लाको खानेपानीको अवस्था विश्लेषण गरिनेछ ।

७. खानेपानी योजना मर्मत तथा निर्माण गर्दा अनिवार्यरुपमा पानी सुरक्षा योजना (मुहानदेखि धारासम्म) लागु गर्न पहल गरिनेछ ।

**ङ कृषि विकास कार्यक्रमतर्फ**

१. कृषि विकास कार्यालयले सञ्चालन गर्ने विभिन्न बालीहरुको पकेटक्षेत्र छनौटका लागि जि.वि.स.को नेतृत्वमा गा.वि.स. छनौट गर्ने नीतिलाई निरन्तराता दिइनेछ ।

२. जिल्लाको फलफूल खेती हुने सम्भाव्य स्थानहरुमा नर्सरी व्याड विकास गरी फलफूल खेतीको विकास र प्रबर्द्धन गरी आय आर्जनमा बृद्धि गरिनेछ ।

३ बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि छनौट भएका गाविसहरुमा कृषि सेवाका पकेटक्षेत्र विस्तार गरी नियमित कार्यक्रममा मूलप्रवाहीकरण गरिने नीति अपनाइने छ ।

**च.पशुविकासतर्फ**

१. जिल्लाको पशु विकास कार्यक्रमलाई व्यवसायिक बनाउन पशुसेवा प्रसार कार्यक्रम, पशु उत्पादन कार्यक्रम, पशु आहार सेवा, पशु प्रजनन् सेवा लगायतका कार्यक्रमहरु संचालन गरिनेछन ।

२. बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि छनौट भएका गाविसहरुमा पशुसेवाको पकेटक्षेत्र विस्तार गर्ने सकरात्मक विभेदकारी नीति अपनाइने छ ।

**छ. सिंचाई विकास तर्फ**

१. कृषि उत्पादनमा टेवा पुऱ्याउनका लागि बाली उत्पादनका सम्भाव्य क्षेत्रहरुमा साना, मझौला तथा ठूला सिंचाई आयोजनाहरु निर्माणका कार्यक्रमहरु संचालन गरिनेछन ।

२. आगामी आर्थिक वर्ष भित्र सम्भावित कुनै एक गाविसलाई नमुनाका रुपमा खेती योग्य जमीन पुर्ण रुपमा सिंचित हुने प्रबन्ध मिलाइनेछ ।

**ज. वन तथा वातावरण**

१. वनपैदावरको दिगो संरक्षण र सम्बर्द्धन गर्ने कार्यक्रमहरु लाई प्राथमिकता दिई गैर काष्ठ पैदावारको उत्पादन, प्रबर्द्धन र निकासी पैठारीको उचित व्यवस्था गरिनेछ ।

**झ. भू-संरक्षणतर्फ**

१. जिल्लाको भौगोलिक अवस्थितिलाई ध्यान दिदैं वर्षेनी हुने बाढी, पहिरो, जस्ता प्रकोप नियन्त्रण व्यवस्थापनका लागि तटबन्धन निर्माण, नदी नियन्त्रण, वृक्षारोपण तथा Bio-Engineering सम्बन्धी कार्यक्रमहरु विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थाहरुसँगको समन्वय र साझेदारीमा अगाडि बढाइनेछ ।

२. जिल्ला भू-संरक्षण कार्यालयबाट भु संरक्षणका कार्यक्रमहरु सञ्चालन गरि जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्दै आयमूलक कार्यक्रम मार्फत स्थानीय जनताको जिविकोपार्जनमा टेवा पुर्‍याउने नीति लिइनेछ

**ञ. पर्यटनतर्फ**

१. जिल्लाभित्रका प्रमुख पर्यटकीय स्थलहरु रामारोशन, खप्तड, बैद्यनाथका साथै तितौडा, विनायक पञ्चदेवल, जिम्राडी क्षेत्र र त्रिबेणीघाट (बलाता) लगायतका अन्य सम्भावित क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुनेगरी प्रचारप्रसार एवं प्रबर्द्धन कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।

२. धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा विभिन्न निकायबाट हुने निर्माण तथा संरक्षण कार्यक्रममा एकरुपता बनाउन प्रमुख पर्यटकीय क्षेत्रको पहिचान तथा विकासका लागि तर्जुमा गरिएको जिल्ला पर्यटन गुरुयोजनालाई लागि कार्यान्वयन गरिनेछ ।

**ट. महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, अपागंहरुको उत्थान र विकासतर्फ**

१. महिला, आदिवासी/जनजाति, अपागं, दलितहरुको वर्तमान स्थितिमा सुधार ल्याउन वस्ती, वडा, गा.वि.स. र ईलाकाबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ जि.वि.स.को लक्षित कार्यक्रमको बजेट, विषयगत कार्यालयहरुको कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिने व्यवस्थालाई निरन्तरुता दिइनेछ ।
२. बालबालिकामैत्री योजना छनौट गर्दा बालभेलाहरुबाट आएका योजनाहरुलाई प्राथमिकतासाथ विषयगत कार्यालयको योजनाहरु र जिविस, गाविसको योजनाहरुमा समावेश गरी कार्यान्वयन गरिने छ ।
३. दलित एवं सिमान्तकृतवर्गको विकासका लागि शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा प्रत्यक्ष फाइदा पुर्‍याउनका लागि बजेट विनियोजन गरी कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।
४. आर्थिक तथा सामाजिक रुपले पछाडी परेका समुदायको क्षमता विकास तथा रोजगार सिर्जना हुने कार्यक्रम तर्जुमा गर्न प्राथमिकता दिइनेछ ।

**ठ. सामाजिक सुरक्षातर्फ**

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सम्भव भए सम्म बैंकिङ्ग प्रणालीमा आबद्ध गर्दै लगिने छ । अहिले मंगलसेन न.पा.का वडा नं ३, ४ र ५ लाई राष्ट्रिय बाणिज्य वैक मंगलसेनबाट, साफेवगर न.पा.का ६ र ७ वडालाई कृषि विकास बैक साँफेबगरबाट र साफेवगर न.पा.का ९, ११ र १२ लाई राष्ट्रिय बाणिज्य वैकको शाखा रहित काउण्टर बयालपाटाबाट वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

२. असहाय, बृद्धबृद्धा नागरिकहरुको संरक्षणको लागि बृद्धाश्रम, अनाथालय बनाउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थालाई अभिप्रेरित गरिनेछ ।

३. व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्न गाविसहरुमार्फत अभियानको रुपमा अगाडि बढाइनेछ ।

**ड. घरेलु तथा साना उद्योग विकासतर्फ**

१. घरेलु तथा साना विकास उद्योग समिति र जि.वि.स.को समन्वयमा स्वरोजगार र सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

**ढ. सूचना तथा संचारतर्फ**

१. विकास निर्माणका कार्यक्रमहरु सूचना तथा सञ्चारमैत्री बनाइनेछन् ।

२. सम्पूर्ण स्थानीय निकायहरुको वेवसाइटमा एकरुपता ल्याउने कार्य मन्त्रालयले अघि बढाइरहेको सन्दर्भमा जिल्लाको सूचना अद्यावधिक गरी विद्युतीय सूचना प्रविधिको विकास गरिनेछ ।

**ण. विद्युत तथा उर्जा विकासतर्फ**

१. वन तथा वातावरण संरक्षणलाई विशेष जोड दिई ग्रामीण लघुजलविद्युत आयोजना एवं वैकल्पिक उर्जाको विकास र विस्तार गर्ने खालका योजनाहरु बनाई PPP (सार्वजनिक निजी साझेदारी) को अवधारणाअनुसार कार्यन्वयनको व्यवस्था मिलाइनेछ ।

२. स्थानीय तहमा उत्पादन भई पूर्ण उपयोग हुन नसकेको लघुजलविद्युतलाई मिनिग्रिडको माध्यमबाट थप क्षेत्रमा विस्तार गर्ने कार्यलाई अगाडि बढाउन पहल गरिने छ ।

**त. सडकतर्फ**

१. जिल्ला सडक गुरुयोजना अनुसार जिल्लाका सबै गा.वि.स.मा सडक पुऱ्याउने निर्धारित लक्ष्य प्राप्तिको सर्न्दभमा आ.व.२०७३/०७४ को लागि सडक संजाल नपुगेका गा.वि.स.हरुमा नयाँ सडकको लागि बजेट छुट्याउने व्यवस्था मिलाउने र DTMP मा परेका सडकहरुको स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।

२. पूर्वाधार निर्माणका योजना बनाउँदा हुनसक्ने वातावरणीय क्षति न्युनीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराएर मात्र योजना कार्यान्वयन गरिनेछ ।

३. मुख्य बजार केन्द्र तथा पर्यटकीय एवं धार्मिक स्थलहरुलाई जोड्ने सडक निर्माण एवं स्तरोन्नति कार्यलाई प्राथमिकता दिइनेछ ।

**थ. गै.स.स.तर्फ**

१. जिल्लास्थित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुले आ-आफ्नो क्षेत्रमा कार्यक्रम संचालन गर्दा सम्बन्धित सरकारी निकायसँग समन्वय गरी चौमासिक प्रतिवेदन सम्बन्धित विषयगत कार्यालयमा पठाउने व्यवस्था मिलाइनेछ ।

२.गाविस तहमा सञ्चालित सम्पूर्ण गैरसरकारी संस्थाहरुको बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धित गाउँ परिषद्बाट स्वीकृत गरेर मात्र कार्यान्वयन हुने व्यवस्था लागु गरिएको छ र यसलाई निरन्तरता दिइनेछ ।

३. गैर सरकारी संस्थाहरुको संस्थागत क्षमता विकास गर्दै गैर सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित वनाउन जिल्ला विकास समितिमा गैसस समन्वय इकाई ( NGO Desk) को स्थापना गरिनेछ

**उपस्थित महानुभावहरु**

विभिन्न विषयगत समिति अन्तर्गतका कार्यालय तथा निकायहरुबाट प्रस्तावित नियमित कार्यक्रमहरु संलग्न गरिएको व्यहोरा अनुरोध गर्दै अब म आगामी वर्षका लागि जिल्ला परिषदले गरेका मुख्यमुख्य निर्णयहरु यस गरिमामय सभासमक्ष सार्वजनिक गर्न अनुमती चाहन्छु ।

**उपस्थित महानुभावहरु**

हामीले लिएका उल्लेखित नीति तथा निर्णयहरु कार्यान्वयन गर्न तथा आगामी आर्थिक वर्षमा जिल्लामा सञ्चालित सम्पूर्ण विषयगत कार्यालय र गैरसरकारी निकाय अन्तर्गतका कार्यक्रमहरुलाई सम्वोधन गर्न नेपाल सरकार र दातृनिकाय, जिविसको आन्तरिक स्रोतसमेतबाट व्ययभार हुनेगरी निम्नानुसारको अनुमानित बजेट यस सम्मानित सभामा पेश गरेको छु । कृषि, उद्योग, वन तथा वातावरण समिति अन्तर्गत चालुतर्फ रु. ६ करोड ७ लाख ३५ हजार र पूँजीगततर्फ रु. २ करोड ७६ लाख १९ हजार गरी जम्मा रु. ८ करोड ८३ लाख ५४ हजार विनियोजन गरिएको छ । जनसंख्या तथा सामाजिक समिति अन्तर्गत चालुतर्फ रु. ८३ करोड ३३ लाख २९ हजार र पूँजीगततर्फ रु. १५ करोड ६६ लाख ८६ हजार गरी जम्मा रु. ९९ करोड १५ हजार विनियोजन गरिएको छ । जलश्रोत तथा भूमि समिति अन्तर्गत चालु तर्फ रुं १९ लाख ५० हजार र पूँजीगततर्फ जम्मा रु. १९ करोड ९५ लाख ४७ हजार

गरी जम्मा २० करोड १४ लाख ९७ हजार विनियोजन गरिएको छ । संरचना तथा पूर्वाधार विकास समिति अन्तर्गत चालुतर्फ रु. २० करोड ७२ लाख २४ हजार र पूँजीगत तर्फ रु. ७६ करोड ३९ लाख ३४ हजार गरी जम्मा रु.९१ करोड ९२ लाख ८ हजार विनियोजन गरिएको छ । यसै गरी संगठन तथा प्रशासन समिति अन्तर्गत चालु तर्फ रु. ७ करोड २७ लाख ६५ हजार र पूँजीगत तर्फ रु. २२ करोड ७७ लाख ७१ हजार गरी जम्मा रु. ३० करोड ५ लाख ३६ हजार विनियोजन गरिएको छ ।

जिविसको आन्तरिक स्रोतअन्तर्गत चालुतर्फ रु ७३ लाख ७६ हजार र पूँजीगततर्फ रु. २५ लाख ३६ हजार जम्मा ९९ लाख १२ हजार विनियोजन गरिएको छ ।

माथि उल्लिखित पाचवटै विषयगत समितिहरुमा जोड्दा चालुतर्फ रु. १ अर्व १६ करोड ९५ लाख ३ हजार र पूँजीगततर्फ रु. १ अर्ब ३७ करोड ५५ लाख ५७ हजार गरी जम्मा २ अर्ब ४९ करोड ९६ लाख १० हजारको अनुमानित बजेटको नीति तथा कार्यक्रम पेश गरेको छु ।

**आदरणीय उपस्थित महानुभावहरु**

वार्षिक जिल्ला विकास योजना जिल्ला विकास समितिको कार्यालयले मात्रै कार्यान्वयन गर्ने नभै जिल्लामा क्रियाशिल सबै निकायहरुको साझा नीति तथा कार्यक्रम हो । तसर्थ जिल्लाको समग्र बजेट तथा कार्यक्रम विकेन्द्रितरुपमा एकाकार भई कार्यान्वयन गर्नु हाम्रो साझा जिम्मेवारी हो । योजना तर्जुमा प्रक्रियामा जुटेको हाम्रो सहभागिता अनुगमन तथा मूल्यांकन तहसम्म अटुट रहन सकेमात्र कार्यान्वयन पक्ष बलियो भई लागत र प्रतिफल बीच सन्तुलित सम्बन्ध कायम रही जनतालाई हामी नतिजामूखी प्रतिफल दिन सफल हुनेछौं । अतः वार्षिक जिल्ला विकास योजना कार्यान्वयनमा एकजुट हुन सम्बद्ध सबैमा म हार्दिक अपिल गर्दछु ।

जनप्रतिनिधिविहीन अवस्थामा जनभावनाको प्रतिनिधित्व गर्दै यस जिल्लाको विकासको हरेक क्रियाकलाप तथा गतिविधिहरुलाई सुचारुरुपमा संचालन गर्न महत्व पूर्ण राय सुझाव प्रदान गरी हामीलाई सहयोग गर्नुहुने जिल्लास्थित सम्पूर्ण राजनीतिक दल र नेतृत्ववर्गमा जिल्ला विकास समितिको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु । हाम्रो आमन्त्रणलाई ग्रहण गरी यो उद्घाटन समारोहमा उपस्थित हुनुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिगणज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसैगरी यस जिल्लाको समष्टिगत विकासका लागि सहयोग पुऱ्याउने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, विभाग तथा क्षेत्रीय निर्देशनालयहरु, जिल्ला विकास समिति महासंघ, जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित विषयगत कार्यालयहरु र गैरसकारी निकायहरुमा विशेष धन्यवाद दिन चाहन्छु । जिल्लाको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउँदै आउनुभएका राष्ट्र संघीय निकायहरु, विकास साझेदारहरु र नेपाल सरकारको समन्वयमा सञ्चालित विभिन्न कार्यक्रमहरुलाई हार्दिक धन्यवाद दिदै अछाम जिल्लाको एकीकृत विकासको लागि अझै प्रतिवद्ध रही बजेट तथा कार्यक्रम विस्तार गर्न अनुरोध गर्दछु । वार्षिक जिल्ला विकास योजना तयारीमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा धन्यवाद दिन चाहन्छु । धन्यवाद !

शिवप्रसाद हुमेगाईं
परिषद् अध्यक्ष एवम् स्थानीय विकास अधिकारी

**नीतिगत निर्णयहरु**

**निर्णय नं. १** : आ.ब २०७३/०७४ को वार्षिक योजना तर्जुमा गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै एकिकृत योजना तर्जुमा समितिले सिफारिस गरेका नीति योजना तथा कार्यक्रमहरुलाई स्वीकृत गरी मिति २०७२ फागुन २९ गते आयोजना गरिने जिल्ला परिषद ०७२ बाट सार्वजनिकीकरण गर्ने

**निर्णय नं. २**

गत जिल्ला परिषद्बाट निर्णय भै हालसम्म कार्यान्वयन हुन नसकेका तर हाल पनि आवश्यक र सान्दर्भिक रहेका निर्णयहरु जनस्तरबाट समेत माग भै आएकोले उक्त निर्णयहरु यस जिल्ला परिषदबाट स्वीकृत भएको मानी आवश्यक कार्यान्वयन गरिदिन हुन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. ३**

जिल्ला परिषद्बाट देहाय बमोजीमको अधिकार जिल्ला विकास समितिलाई प्रत्योजन गर्ने ।

- स्वीकृत वार्षिक जिल्ला विकास कार्यक्रम र बजेटलाई औचित्यको आधारमा सामान्य संशोधन थपघट वा हेरफेर गर्ने ।
- जिविसको श्रोतहरुको संम्भावनाको आधारमा राजश्व परामर्श समितिको सिफारिसमा कर, दस्तुर, महशुल, शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याई करहरु कायम गर्ने ।
- जिविसको तर्फबाट लक्षित वार्षिक कार्यक्रमको उद्देश्य पुरा हुने गरी सहयोगी दातृनिकाय एवं साझेदार संघ संस्थाहरुसंग द्विपक्षीय एवं बहुपक्षीय सम्झौता एवं समझदारीहरु गर्ने ।
- जिविसको कार्यालयको विगत वर्षहरु देखिको नियमित गर्नु पर्ने बेरुजु र असुल उपर गर्नुपर्ने बेरुजु सम्बन्धमा बेरुजु फछ्र्यौट सम्बन्धी नियम अनुसार कारवाही अगाडि बढाई बेरुजुको लगत घटाउने ।
- स्थानीय शासयत्त शासन ऐन २०५५ र स्थानीय स्वायत शासन नियमावली २०५६ अनुसार जिविसमा स्थापना भएका विभिन्न कोषहरुको सञ्चालन गर्न कार्यविधि बनाई सोहि बमोजिम उक्त कोषहरु सञ्चालन गर्ने

**निर्णय नं. ४**

जिल्ला विकास समितिका कर्मचारीहरु सेवा निवृत हुँदा पाउने सुविधालाई कर्मचारी कल्याण कोषको व्यवस्था भएको भएतापनि आन्तरिक आय कम भएका जि.वि.स. हरुमा कल्याण कोषको अवस्था निकै नाजुक भएको परिस्थिति यस जिविस अछाममा पनि विद्यमान छ । यो समस्या आगामी दिनमा पनि ज्यू का त्यू रहनसक्ने परिस्थितीलाई दृष्टिगत गरी स्थानीय स्वायत्त शासन ऐन नियमावलीको मर्म र भावना अनुरुप स्थानीय निकायका कर्मचारीहरुको स्वीकृत दरबन्दी भित्रको सेवा सुविधामा नेपाल सरकारको समेत दायित्व रहने हुनाले भ्याएसम्म जिविसको आन्तरीक श्रोत प्रशासनिक बजेटको कम्तिमा ४०% वार्षिक रुपमा कर्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने गत जिल्ला परिषद्ले पारीत गरे वमोजिमको निर्णलाई निरन्तरता दिने ।

**निर्णय नं. ५**

जिल्ला विकास समितिले तयार गरेका देहायका योजना एवं प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

**३.१.** खरिद योजना आ.व. २०७२/७३ र २०७३/७४

**३.२.** क्षमता विकास योजना २०७३।०७४

**निर्णय नं. ६**

स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्तशासन निमावली (संसोधन सहित)२०५६ वमोजिम आगामी आ.व. ०७३/०७४ मा जिविसको आन्तरिक स्रोत संकलन गर्न जि.वि.स.को आन्तरीक आय संकलन गर्न जिल्ला राजश्व परामर्श समितिको सिफारिस अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. विभिन्न सिफारिस दस्तुर रु १००। (एकसय )

४. बैक खाता संञ्चालन सिफारिस रु २००। ( दुइसय )

५. बैक खाता बन्द सिफारिस रु ३००। (तिन सय )

६. कोष प्रमाणित प्रतिलिपि रु १००। ( एक सय )

७. सूचनाका लागि सरकारि कागजको प्रतिलिपि प्रति पृष्ठ रु १०। (दश )

८. जिल्लादररेट प्रतिलिपि प्रति सेट रु ४००। ( चार सय )

९. गै. स. स. नया दर्ता सिफारिस रु ३०००। ( तिन हजार ) गै. स. स. नविकरण सिफारिस रु.२५००। ( दुईहजार पाँच सय )

१०. निर्माण व्यवसायी इजाजत पत्र नयाँ दर्ता रु ४०००। ( चारहजार )

११. निर्माण व्यवसायी इजाजत पत्र नविकरण रु २५००। ( दुईहजार पाँचसय )

१२ ईजाजत पत्र ठाउँ सारि रु ४०००। ( चारहजार ) ईजाजत पत्र नाम सारी रु ४०००। ( चारहजार )

१२. जिविसको स्वामित्वमा रहेको डोजर भाडा प्रति घण्टा रु ४५००। (चार हजार )

१३. जिविसको स्वामित्वमा रहेको डोजर भाडा प्रति दिन रु ३५,०००। ( पैतिस हजार )

१४. समिक्षालय हल भाडा प्रति दिन रु २५००। ( दुईहजार पाँच सय )

१५. गै.स.स.हरुको नविकरण सिफारिस गर्दा चालु आ.व.को असोज मसान्तसम्म रु. २५०० दस्तुर लाग्नेछ असोज मसान्त पछि सिफारिस गर्दा दोब्बर दस्तुर रु. ५०००। शुल्क लाग्नेछ ।

१६. जि.वि.स.को गेष्ट हाउस तल्लोतला प्रतिमहिना भाडा प्रति महिना भाडा रु १३०००। (तेर हजार )

१७. वि.वि.स.को पुरानो कार्यालयको खाजाघर न्यूनतम प्रति महिना भाडा रु १२,०००। ( वाह्रहजार )

१८ जि.वि.स. बजारको घर प्रति महिना भाडा रु ४०००। (चर हजार

१९ खोटो निकासी न्यूनतम वार्षिक अंक

२०. चौपाया निकासी बार्षिक रु ५,०००००। ( पाँच लाख )

(क) निर्वाचन क्षेत्र नं १ को लागि रु २,५००००।

(ख) निर्वाचन क्षेत्र नं २ को लागि रु २,५००००।

२१. ढंगा गिट्टी र वालुवा निकासीको न्यूनतम वार्षिक ठेक्का अंक

(क) बुढी गंगा छिपेखोला बुढावगर सम्म रु ५,०००००। ( पाँच लाख )

(ख) कैलास खोला वुढीगंगा चित्रे दोभादन रु १,५००००। (एकलाख पचासहजार )

(ग) कर्णली नदी जंगलघाट रु ५०,०००। ( पच ास हजार )

(घ) कर्णली नदी वेलखेत रु १,१५,०००। ( एक लाख पन्ध्र हजार )

(ङ) सियालाघाट, चाटावगर,असाराघाट सम्म्को रु ५०,००० ।

च) मदिरा तथा सुर्तिजन्य पदार्थ आयात कर ठेक्का रु ५०,०००।

**निर्णय नं. ७**

संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय अन्तर्गत रहेको तत्कालीन पर्यटन पूर्वाधार विकास आयोजनाले अछामको सांफेवगर न.पा.१० रिडिकोटमा निर्माण गरेको पर्यटन सेवा केन्द्रको भवनबाट पर्यटन प्रबर्द्धन र पर्यटन सूचना केन्द्र संचालन गर्न अछाम जि.वि.स.सक्षम भएकोले उक्त भवन जि.वि.स.अछामको नाममा हस्तान्तरण गरी दिनका लागि पर्यटन विभागमा पुन: अनुरोध गर्ने ।

**निर्णय नं. ८**

सबैका लागि खानेपानी पुऱ्याउने जिल्लाको रणनीतिलाई सफल पार्न जिल्लाका सम्पुर्ण सरोकारवालाहरुबाट विशेष महत्वकासाथ खानेपानी तथा सरसफाई पूर्वाधारमा लगानी गर्ने र यस अभियानलाई सफलरुपमा अघि बढाउन विशेष सहयोगका लागि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र खानेपानी तथा ढल निकास विभाग लगायत अन्य राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुमा अनुरोध गर्ने ।

**निर्णय नं.९**

अछाम जिल्लामा कार्यरत सम्पुर्ण विभिन्न सामाजिक गैर सरकारी संस्थाहरु को प्रभावकारी परिचालन समन्वय गर्नका लागि एकिकृत योजना तर्जुमा समितिवाट पेश भएको गैर सरकारी संस्था समन्वय तथा परिचालन सम्बन्धी निर्देशिका २०७२ लाई अन्तिम रुपम दिई स्वीकृत गर्ने र प्रकाशन गर्ने अधिकार जिविसलाई प्रत्यायोजन गर्ने ।

**निर्णय नं. १०**

स्थानीय स्वायत्त शासन नियमावली २०५६ संशोधन सहितको नियम २१५ अनुसार स्थानीय निकायको रिक्त रहेको पदपुर्तिका लागि पदपुर्ति समिति गठन हुने व्यवस्था भएको र सो समितिको अध्यक्षमा तोकिएका सिलगढी नगरपालीका १ डोटी निवासी श्री चन्द्रराज जोशीलाई निरन्तरता दिने ।

**निर्णय नं. ११**

स्थानीय स्वायत्त शासन नियमावली २०५६ संशोधन सहितको नियम २१५ अनुसार दरबन्दी स्वीकृत भएका र हाल रिक्त रहेका देहाय बमोजिमका पदहरुमा स्थायी रुपमा पदपुर्ति गर्न पदपूर्ति समितिमा सिफारीस गर्ने ।

**तपसील**

१. सहायक स्तर पाँचौ तह (अप्राविधिक) २ (दुइ)
२. सहयाक स्तर पाँचौ तह (प्राविधिक) १ (एक)
३. सहायक स्तर चौथो तह (आलेप) १ (एक)
४. सहायक स्तर पाँचौ तह कम्प्यूटर अपरेटर १ (एक)
५. सहायक स्तर चौथौ तह सहायक कम्प्यूटर अपरेटर १ (एक)

**निर्णय नं. १२**

सुशासनका लागि पारदर्शिताको अवधारणालाई व्यवहारमा उतार्न जिल्ला स्थित सबै सरकारी र गैसस कार्यालयहरुले निम्न प्रयास अवलम्बन गर्ने :

**क**) नेपाल सरकारबाट जारी भएको सूचना सम्बन्धी हक ऐन नियम बमोजिम ।
**ख**) स्थानीय स्वायत्त शासन ऐन, नियम, विनियम, निर्देशिका र कार्यविधिहरु लगायत अन्य प्रचलित ऐन नियम ।
**ग**) सरकारी तथा गैरसरकारी निकायहरुले आ-आफ्नो आर्थिक र भौतिक प्रगति विवरण (मासिक, चौमासिक, वार्षिक) आदि नियमितरुपमा स्थानीय संचार माध्यमहरु प्रयोग गरी जिल्लावासीहरुलाई सुसूचित गराउने ।
**घ**) सेवाकार्यमा चुस्तता ल्याउन कर्मचारी कार्य विवरण, अधिकार प्रत्यायोजन, कार्यविधिहरु अवलम्बन गर्ने ।
**ङ**) नागरिक बडापत्र अनुसार समय भित्र सेवा प्रवाह गर्ने ।
**च**) विकास सम्बन्धी कार्य गर्न कार्यालय/संघ संस्थाहरुले योजना स्थलमा होडिङ्ग बोर्ड राख्ने, जनसहभागितालाई प्राथमिकता दिने र सामाजिक लेखापरीक्षण कार्य अनिवार्य गराउने । साथै विकाससंग सम्बन्धित गतिविधिहरु समय समयमा जनतालाई सुसूचित गराउने ।
**छ**) कर्मचारीहरुको कार्यदक्षता, क्षमता विकासमा जोड दिने ।
**ज**) जिल्लामा सरकारी कार्यालय, गैससका कर्मचारीहरु र सामाजिक क्षेत्रमा अगुवाको रुपमा उत्कृष्ट राम्रा काम गर्ने व्यक्तिहरुलाई निश्चित मापदण्ड बनाई पुरस्कृत गर्ने परम्पराको सुरुवात गर्ने ।

**निर्णय नं. १३**

जनताका आवश्यकतालाई मद्यनजर गर्दै उनीहरुलाई घरदैलोमै सेवा प्रवाह गर्न जिल्ला प्रशासन कार्यालयको अगुवाईमा आवश्यकता अनुसार घुम्ति शिविर संचालन गर्न र उक्त कार्यलाई सञ्चालन गर्नसम्बन्धीत कार्यालयले वजेटको व्यवस्था मिलाउने ।

**निर्णय नं. १४**

अछाम खुलादिसा मुक्त जिल्ला घोषणा भैसकेकोले पुर्ण सरसफाईयुक्त जिल्ला बनाउनका लागि सम्बन्धित सबै निकायहरुबाट महत्वकासाथ कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**निर्णय नं. १५**

अछाम स्थित पौराणिक, ऐतिहासिक एवं सांस्कृतिक सम्पदाहरुको विकासको लागि धार्मीक पर्यटनको पूर्वाधार निर्माण गरी वास्तविक धार्मीक पर्यटकीय स्थलमा रुपान्तरण गर्नु अत्याबश्यक भएकाले विकास ऐन २०१३ को दफा ३ अनुसार श्री बैद्यनाथ क्षेत्र - रामारोशन संरक्षण तथा पर्यटन विकास समिति अछाम गठनका लागि संस्कृति पर्यटन तथा नागरीक उड्यन मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. १६**

रामारोसन क्षेत्रका अत्यन्त महत्वपूर्ण प्राकृतिक सम्पदाहरुको संरक्षण तथा प्रवद्धन गर्नका लागि रामारोसन संरक्षण क्षेत्र घोषणाका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. १७**

जि.वि.स. र गा.वि.स.को गत आ.व. ०७१ /०७२ को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजाको जानकारी एवम् छलफल भयो । न्यूनतम शर्त तथा कार्यसम्पादन मापन नतिजाको विषयगत क्षेत्रका सूचकमा देखिएका कमजोरीहरुलाई आगामी दिनमा आवश्यक सुधार गर्दै लैजाने ।

**निर्णय नं. १८**

यस जिल्लाको साँफेबगर र कमलबजारमा रहेका एयरपोर्टहरुमा नियमित हवाई सेवा सञ्चालनका लागि पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. १९**

जिल्लामा बिक्रि वितरण भैरहेको गुणस्तरहीन मदिरा र सुर्तिजन्य पदार्थको आयातमा निरुत्साहित गर्ने र मदिरा बिक्रि वितरण र सेवनलाई व्यवस्थित गर्न जिल्ला प्रशासन कार्यालय लगायत सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. २०**

जिल्ला विकास समितिको कार्यालय र कार्यालय अन्तर्गतका सबै कार्यक्रमहरुको बैठक, गोष्ठी, सेमिनार र तालिमका लागि गरिने बजेट खर्च नीति समयानुसार संशोधन गर्नुपर्ने भएको हुँदा निम्नानुसारको हुने गरी पारित गर्ने ।

**तपसिल**

| क्र.सं. | शिर्षक | चिया नास्ता प्रति सहभागी | स्टेशनरी प्रति सहभागी | सहभागी भत्ता रु. | | कार्यपत्र प्रस्तुति प्रति | सहजकर्ता अधिकृत स्तर प्रति शेसन | सहजकर्ता सहायक स्तर प्रति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | जिल्ला तह | गाविस तह | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | **शेसन** | | **शेसन** |
| १ | बैठक | १५० | १०० | १००० | ५०० | ० | ० | ० |
| २ | गोष्ठी | १५० | १०० | १००० | ५०० | १५०० | १५०० | १००० |
| ३ | तलिम | १५० | १०० | १००० | ५०० | १५०० | १५०० | १००० |
| ४ | हल भाडा | ० | ० | २००० | १००० | ० | ० | ० |
| ५ | मल्टिमिडिया | ० | ० | १५०० | ० | ० | ० | ० |
| ६ | गोष्ठी/तालिम सहजीकरण सामाग्री प्रति दिन | | २००० | ० | ० | ० | ० | ० |
| **नोटः प्रति कक्षा/शेसन २ घण्टाको हुनेछ र एक दिनमा ४ कक्षा/शेसन भन्दा बढी हुने छैन ।** | | | | | | | | |

**निर्णय नं. २१**
जिविसको जिन्सी शाखामा रहेका टुटेफुटेका काम नलाग्ने सामाग्रिहरुको नियमानुसार लिलामी प्रक्रिया अगाढी वढाउने ।

**निर्णय नं. २२**
आर्थिक वर्ष २०७३।०७४ को लागि जिविसको आन्तरिक लेखा परिक्षण शाखाले पेश गरेको वार्षिक आ.ले.प. कार्य योजना स्वीकृत गर्ने ।

**निर्णय नं. २३**
यस जिल्लामा वालमैत्री स्थानीय शासन घोषणा हुने गाविसहलाई कम्तीमा रु २,०००००। (दुई लाख) पुरस्कार सहित सम्मान गर्ने

**निर्णय नं. २४**
यस जिल्लाको रिडिकोट गाविसमा निर्माणाधिन अवस्थामा रहेको बडासैन खेल मैदान र कालिका गा.वि.स.स्थित थालाकोट खेलमैदान को निर्माण कार्यमा आवश्यक वजेटको व्यवस्था गरि दिनु हुन सम्बन्धित निकायमा अनुरोध गर्ने । साथै कमलवजार हिच्माको ढंनेटा र मंगलसेनको मष्टामाण्डुमा पनि खेल मैदान निर्माणका लागि आबश्यक पहल गर्ने ।

**निर्णय नं. २५**
यस कार्यालयको आ.व. २०७१।०७२ मा महालेखा परिक्षकको कार्यालयवाट अन्तिम लेखा परिक्षण हुँदा कुल बेरुजू रकम रु ७ करोड १९ लाख ६४ हजार ८ सय ३७ पैसा १६ मात्र कायम भएकोमा सो बेरुजु रकम मध्ये नियमिति गर्नु पर्ने बेरुजु रु १ करोड ६५ लाख १६ हजार ६ सय ७७ पैसा ६६ मात्र असुल गर्नु पर्ने रु ६ लाख ६२ हजार ८ सय ९ पैसा ३४ मात्र , पेश्की तर्फ रु ५ करोड ४७ लाख ८५ हजार ३ सय ५० मात्र रहेकोले सम्परिक्षणको लागि आवश्यक प्रक्रिया अगाडी वढाउने ।

**निर्णय नं. २६**
जिल्लामा द्वन्दको दौरानमा सदरमुकाम मंगलसेन स्थित सरकारी कार्यालयहरु ध्वस्त हुदा नापी नक्शा सम्बन्धि अभिलेखहरु नष्ट भएकोले सरोकारवाला सबैलाई परेको मर्का परेको र हाल अछाममा विशेष नापी कार्यालय स्थापना भएपनि शिघ्ररुपमा नापी नक्शाको काम अगाडी बढ्न नसकेको परिप्रेक्ष्यमा नापी कार्यलाई तदारुकतासाथ अगाडी बढाउन सम्बन्धित सबै पक्षबाट आवश्यक सहयोग गर्ने ।

**निर्णय नं. २७**
नेपाल सरकारवाट पटक पटक जिल्ला विकास समितिको कार्यालयको बैंक खाता हरुमा परिवर्तन गरी सञ्चालन गरिदै आएको छ । साविक ख समुह अन्तरगतका खाताहरु सञ्चालन भएकोमा हाल ग समुहका खाताहरु सञ्चालन गरिदै आएको देखिन्छ । यस कार्यालयको रा.वा. बैंक मंगलसेन खातामा रहेका साविकका बैंक खाता ख ८-१ मा रु ४८९०३०७।४७ र ख ७-१०१ मा रु ५५५८५।६० मौजुदा रहेका भनि आर्थिक बर्षको अन्त्यमा मौजुदा देखाई रहेको  र जिविसको आय व्ययमा गणना हुन नसकेको उक्त रकम आवश्यक पहल गरी आयर व्ययको कार्यक्रमको प्रक्रियाद्धारा कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २८**
आम जनताको आवागमनलाई सहज र सरल बनाउन धनगढी मंगलसेन कमलवजार सम्म सञ्चालनमा आएको वस सेवा हाल अवरुद्ध भएको हुदा पुन सञ्चालनमा ल्याउन र नेपालगन्ज देखि सुर्खेत मंगलसेनसम्म बस सेवा सञ्चालका लागि जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित यातायत व्यवसायी संघलाई अनुरोध गर्ने ।

**निर्णय नं. २९**
अछाम जिल्लाले थालेका विभिन्न सामाजिक अभियान (छाउपडी गोठ मुक्त, जातिय छुवाछुत तथा भेदभाव मुक्त, घरभित्रको धुवारहित, पुर्ण खोपयुक्त, पुर्ण साक्षर, पुर्ण सरसफाईयुक्त, बालविवाह मुक्त, अनिवार्य तथा निशुल्क प्राथमिक शिक्षा आदि) लाई निरन्तरता दिने ।

**निर्णय नं. ३०**
अछाम जिल्लामा पन्ध्र शैयाको आर्युवेदिक अस्पतालको पूर्वाधार निर्माण गरी शिघ्र संचालन गर्नका लागि स्वास्थ्य मन्त्रालय आयुर्वेद विभागमा माग गर्ने ।

**निर्णय नं ३१**
जिल्ला विकास समितिको स्वाीत्वमा रहेको कोमात्क्षु डि ६५ डोजर जिल्ला विकास समितिको न्युन स्रोतका कारणले मर्मत सम्भार गर्न नसकिएको अवस्थालाई दृष्टिगत गरी उक्त डोजरलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन श्रोतको खोजि खर्ने । निजी क्षेत्रबाट समेत मर्मत सम्भार गरी भाडामा सञ्चालन समेत गर्न पहल गर्ने र मर्मत सम्भार गर्न श्रोत प्राप्त गर्न नसकिने अवस्था सृजना भएमा नियमानुसार लिलाम प्रक्रिया अगाडी वढाउन जिविसलाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं ३२ :** अछाम जिल्लाका जयगढ, मुजावगर कमलवजार, विनायक , तुर्माखाद, सोकट, मेल्लेख लगायत सम्भावित अन्य क्षेत्रहरुमा सूचना प्रविधिका नवीनतम सेवा सुविधा उपलब्ध गराउन Land Line सेवा विस्तारका लागि नेपाल टेलिकमसंग अनुरोध गर्ने ।

**निर्णय नं ३३ :** अछाम जिल्लाको पूर्वी क्षेत्रमा हाल सम्म बिद्युतिकरणको कुनै पनि सेवा विस्तार नभएको र लघु जल विद्युत आयोजनाको समेत सम्भावना नभएको परिप्रेक्षमा केन्द्रिय प्रसारण लाईनलाई विनायक, कमलवजार, ढकारी, तुर्माखाद सम्म विस्तार कार्य अघि बढाउन नेपाल विद्युत प्राधिकरणसंग माग गर्ने ।

**निर्णय नं ३४ :** अछाम जिल्लाका तीन वटा नगरपालिका मंगलसेन र साफेवगर र कमलवजारका सवै वडा तथा वस्तीहरुमा आधारभुत सेवाहरु उपलब्ध हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै विद्युत विस्तार लगायत सडक, खानेपानी, सञ्चार आदी सेवा विस्तारका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं ३५ :** स्थानीय क्षेत्रको शान्ति सुरक्षा, अमनचयन सुदृढ गर्न यस जिल्लाका जयगढ, शान्तडा, तुर्माखाद, ढकारी र मेल्लेख स्थित प्रहरी चौकीहरुलाई इलाका प्रहरी कार्यालयमा स्तरोन्नती गर्न र पुनेपाटा, कालागाउ, रामारोसन, लोडेघाट वस्तीमा प्रहरी पोष्ट स्थापना गर्नका लागि गृह मन्त्रालयमा माग गर्ने ।

**निर्णय नं ३६ :**
अछाम जिल्लामा उच्च शिक्षा प्रदान गर्न सञ्चालित सात वटा क्याम्पसहरुको आर्थिक तथा भौतिक अवस्था न्युनतम मापदण्ड अनुसार हुन नसकेकाले जिल्लामा सञ्चालित सबै याम्पसहरुको आर्थिक, भौत्तिक र गुणस्तरीय शिक्षा विकासका लागि उच्च शिक्षा विकास कोषको स्थापना गर्ने । उक्त कोषको स्थापनामा जिविस पूजिगत शिक्षा क्षेत्र अनुदानवाट रु ३०००००। ( तीन लाख) वजेट विनियोजन गर्ने । कोष बृद्धि गर्नका लागि सबै गाविस, नगरपालिका, सरकारी कार्यालयहरु, विकास साझेदारहरु र गैरसरकारी संघसस्थाहरुलाई अनुरोध गर्ने । कोषको प्रभावकारी परिचालनका लागि कार्यविधि निर्देशिका तयार गरी कार्यान्वयन गर्न जिविसलाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं ३७ :** यस जिल्लाको पूर्व वेलखेत देखि सदरमुकाम मंगलसेन हुदै विस्तार हुन लागेको निर्माणाधिन मध्यपहाडी लोक मार्गको बेलखेत मंगलसेन खण्डको कालोपत्रे निर्माण कार्यलाई शिघ्ररुपमा कार्यान्वयन गर्न सम्बन्धित निकाय संग समन्वय गर्ने ।

**निर्णय नं. ३८**
स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २५० र नियमावली २०५६ को नियम २२५ र २५७ मा स्थानीय निकायका कर्मचारीहरुको योग्यता, नियुक्त र बढुवा प्रक्रिया, पारिश्रमिक र अन्य सुविधाहरु नेपाल सरकारका निजामती सेवाका कर्मचारी सरह हुने व्यबस्था भएअनुसार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० को उपनियम (१) को खण्ड (व) अनुसार जिविसको कार्यालय अछाममा कार्यरत कर्मचारीहको आ.व. २०७२।०७३ को बार्षिक तलवि प्रतिबेदन सर्मथन र आगामी आ.व.२०७३।०७४ को लागि तपसील बमोजिमको प्रस्तावित तलवि प्रतिवेदन पारीत गर्ने ।

| क.सं. | दर्जा | तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा | स्थानीय भत्ता | महङ्गी भत्ता | अन्तिम तलब |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **कार्यालय सहयोगी** | | | | |
| १ | प्रथमस्तर | १२९८० | ४ | १६० | १३६२० | ३३८० | १००० | १८००० |
| २ | द्धितीयस्तर | १३७८० | ४ | १८० | १५५०० | ३३८० | १००० | १८८८० |
| ३ | तृतीयस्तर | १४६७० | ४ | २०० | १५४७० | ३३८० | १००० | १९८५० |
| ४ | चतुर्थस्तर | १५८९० | ४ | २२० | १६७७० | ३३८० | १००० | २११५० |
| ५ | पाँचोस्तर | १७७१० | ७ | २४० | १९३९० | ३३८० | १००० | २३७७० |
| | | | | **सहायकस्तर** | | | | |
| ६ | दोस्रो तह | १३७८० | १० | १८० | १५५८० | ३७१० | १००० | २०२९० |
| ७ | तेस्रो तह | १४६७० | १० | २०० | १६६७० | ४०५० | १००० | २१७२० |
| ८ | चौथो तह | १७७३० | १० | २२० | १९९३० | ४३८० | १००० | २५३१० |
| ९ | पाँचौ तह | १८८०० | १२ | २४० | २१६८० | ५२५० | १००० | २७९३० |
| | | | | **अधिकृतस्तर** | | | | |
| ११ | छैटो तह | २४४०० | १२ | ३२० | २८२४० | ८३८० | १००० | ३७६२० |
| १२ | सातौ तह | २५३७० | १२ | ३९० | ३२०५० | ९३८० | १००० | ४२४३० |

**निर्णय नं. ३९**
जिविस जिल्ला उर्जा वातावरण शाखामा विगत लामो समयदेखि कार्यरत कर्मचारीहरुको निरन्तरताको लागि आवश्यक पर्ने तलव भत्ताको व्यवस्था गरी दिनका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ४०**
यस जिल्लामा कमलवजार, विनायक, मुजावगरमा विस्थापन भएका खाद्य सस्थानका डिपोहरु पुनःस्थापना गरी सञ्चालनमा ल्याउनका लागि लागि समबन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ४१**
अछाम जिल्लावाट सुर्खेत र कैलाली जिल्लामा यातायात सञ्जाल जोडनका लागि तुर्माखाद जंगलघाट सम्म जोडने सडक निर्माण कार्यलाई प्राथमिकतामा समाबेश गरी कार्यान्वयन गरी दिन सूर्खेत जिविस र सम्बन्धीत निकायमा लाई अनुरोध गर्ने

**निर्णय नं. ४२**

यस जिल्लाका मुख्य प्रयटकीय स्थलहरु रामारोसन, बैजनाथ, खप्तडको पर्यटन पूर्वाधार विकासका साथै सहायक पर्यटकीय स्थलहरु शिवगुफा तोषी, वागेश्वरी नाडा, त्रिपुरासुन्दरी मन्दीर जैसुर तुर्माखाँद, तितौडा तोषि, नौघाटे वीरपथ, पाचुलि कुईका जिजाडी वैजनाथ, पञ्चदेव विनायक, सूर्यकोट ठुलासेन वडीमालिका, मंगलसेन सिवालय वड्डीअछाम मष्टावण्डालीको संरक्षण तथा प्रवद्धन गर्नका लागि सम्बन्धीथ निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ४३**

यस जिल्लाका गाउ विकास समितिहरुको वस्तुगत विवरण (प्रोफाईल) तयारी र प्रकाशन कार्य लामो समयसम्म प्रकाशन हुन नसकेको हुदा यस सम्बन्धमा हाल सम्मको कार्य प्रगतीको अवस्थामा विस्तृत जानकारी लिन समबन्धीत सरोकार राख्ने निकायहरुको उपस्थितीमा समन्वय गर्ने ।

**निर्णय नं. ४४**

अपरकर्णाली हाईड्रो विद्युत योजना निर्माण गर्दा प्रभावित अछाम जिल्लाका जनताहरुलाई वढीभन्दा बढी लाभ लिनका लागि जिएमआर कम्पनी सरोकार  समुह, र सम्बन्धीत सरोकार समुहहरुको उपस्थितिमा बृहत अन्तरक्रियाको आयोजना गर्न अपरकर्णाली सरोकार समुहलाई अनुरोध गर्ने ।

**निर्णय नं. ४५**

स्वास्थ्य मन्त्रालय र न्यायहेल्थ नेपालको संयुक्त साझेदारीवाट यस जिल्लामा स्थापना गरी स्वास्थ्य सेवा प्रवाहगरीरहेको वयालपाटा अस्पताको सेवाक्षेत्र यस जिल्लाका चौरमाण्डौं र कमलवजार क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्नका लागि जिल्ला स्वास्थ्य कार्यालयको संस्थागत संरचना भित्र रहेर गुणस्तरीय सेवा प्रवाह गर्नका लागि स्वीकृति दिने निर्णय गरीयो ।

**निर्णय नं. ४६**

नेपाल सरकारवाट ढुवानी अनुदान समेत प्राप्त हुने आयोडि युक्त नुन डिपो यस जिल्लाको कमलवजार, विनायक र साफेवगर, मुजावगगरमा स्थापना गर्नका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ४७**

अछाम जिल्लाको खाद्य सुरक्षा तथा पोषणको स्थितिमा सुधार ल्याउनका लागि जिल्ला कृषि विकास कार्यालयको नेतृत्वमा जिल्लामा पोषण तथा खाध्य सुरक्षा क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरुको संयुक्त सहभागितामा जिल्ला खाद्य सुरक्षा तथा पोषण रणनिति तयार गर्ने ।